अख्तियार दुरुपयोग अनुसन्धान आयोग
टंगाल, काठमाडौं

मितिः २०७८।१२।२९ गते।

प्रेस विज्ञप्ति

विषयः <u>आरोपपत्र दायर गरिएको।</u>

चन्दननाथ माध्यामिक विद्यालय, जुम्लाका प्रा.वि. श्रेणीमा कार्यरत शिक्षक कलानन्द माझीले छोरा परीक्षार्थी शेखर माझीलाई परीक्षा केन्द्रमा उपस्थित नगराई हाजिरीमा उपस्थित देखाएको भन्ने उजुरी निवेदन सम्बन्धमा अनुसन्धान हुँदा चन्दननाथ मा.वि., जुम्लामा कार्यरत तत्कालीन **शिक्षक कलानन्द माझी**ले सोही विद्यालयमा विज्ञान संकायतर्फ कक्षा ११ मा अध्ययनरत आफ्नो छोरा शेखर माझीलाई राष्ट्रिय परीक्षा वोर्ड, सानोठिमी, भक्तपुरबाट मिति २०७५।०१।३० गतेदेखि मिति २०७५।०२।०९ सम्म श्री कर्णाली माध्यामिक विद्यालय, जुम्लामा संचालित परीक्षामा अंग्रेजी र फिजिक्स विषय पास गराउनको लागि सिम्बोल नम्बर र रजिष्ट्रेशन नम्बरसहितको कन्ट्रोल लिष्ट गैरकानूनी तरिकाले सच्चाई, थपघट गरी सोही सिम्बोल नम्बर र रजिष्ट्रेशन नम्बरमा विद्यार्थीको नामथर पहिले नै विज्ञान विषय लिई कक्षा ११ र १२ को परीक्षा पास गरिसकेको प्रभात शाही उल्लेख गरी पुनः अर्को कन्ट्रोल लिष्ट बनाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ११ बमोजिमको कसूर गरेको हुँदा निज **शिक्षक कलानन्द माझी** उपर भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ११ बमोजिम कैद र जरिवाना सजाय हुन मागदाबी लिइएको छ ।

त्यसैगरी **श्री कर्णाली माध्यामिक विद्यालयका केन्द्राध्यक्ष मिनराज शर्मा**ले निज कलानन्द माझीसँगको मिलेमतोमा एकै सिम्बोल नम्बर र रजिष्ट्रेशन नम्बरमा प्रभात शाही र शेखर माझी उल्लेख भएको दुईबटा कन्ट्रोल लिष्ट बुझी अंग्रेजी विषय र फिजिक्स बिषयको शेखर माझीले दिनुपर्ने परीक्षा प्रभात शाहीले दिएको भन्ने पूर्ण थाहा/जानकारी हुँदाहुँदै पनि केन्द्राध्यक्षले निर्वाह गर्नुपर्ने दायित्व एवं जिम्मेवारी पूरा नगरी गैरकानूनी रुपमा परीक्षामा सहभागी हुन दिएको कसुर पुष्टि भएको, **प्रतिवादी शेखर माझी** आफुले दिनुपर्ने परीक्षामा सहभागी नभई आफ्नो सिम्बोल नम्बरमा प्रभात शाहीको नाम उल्लेख गर्ने आफ्ना बाबु कलानन्द माझीको कसुरमा मतियार भै निज प्रभात शाहीबाट परीक्षा दिन लगाएको र निज **प्रतिवादी प्रभात शाही**ले समेत कलानन्द माझी र शेखर माझीको उल्लेखित कार्यको मतियार भै शेखर माझीको सट्टामा उपस्थित भई परीक्षा दिएबाट सरकारी कागजात गैरकानूनी रुपले सच्चाई थपघट गरी पुनः अर्को कन्ट्रोल लिष्ट बनाउने कसूर गरेको तथा शेखर माझीलाई कक्षा ११ को फिजिक्स र अंग्रेजी विषयको परीक्षामा पास गराई निज प्रतिवादीहरु शेखर माझी र कलानन्द माझीलाई लाभ पुऱ्याउने/लिने कार्य गरी मतियारको भूमिका निर्वाह गरेको पुष्टि भएको हुँदा श्री कर्णाली माध्यामिक विद्यालय, जुम्लाका तत्कालीन **केन्द्राध्यक्ष मिनराज शर्मा, प्रभात शाही र शेखर माझी**ले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ११ को कसूरको मतियार भई ऐ. ऐनको दफा २२ को प्रतिबन्धात्मक वाक्याशं बमोजिमको कसूर गरेको हुँदा निजहरु उपर सोही ऐनको दफा ११ ले हुने सजायमा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २२ को प्रतिवन्धांत्मक वाक्यांशबमोजिम मुख्य प्रतिवादीलाई हुने सजाय बराबर भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ११ बमोजिम नै सजाय हुन मागदावी लिई आज विशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएको छ ।

प्रवक्ता
श्याम प्रसाद भण्डारी